# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७६।१२।१४

## प्रेस विज्ञप्ति

कोभिड -१९ को रोकथाम तथा नियन्त्रणका लागि मुलुक अहिले लकडाउनको अवस्थामा रहेको छ । यस विषम परिस्थितिमा सम्पूर्ण नगरबासीले देखाउनु भएको धैर्यता र सहयोग प्रति हरिवन नगरपालिका आभार व्यक्त गर्दछ । यस रोगको प्रकोपबाट बच्नको लागि व्यक्ति व्यक्ति बीचको सामाजिक दूरीलाई कायम गर्ने, भिडभाड युक्त स्थानमा नजाने, नियमित साबुन पानीले हाल धुने उपायहरु नै प्रभावकारी देखिएको हुँदा कोभिड-१९ को संक्रमणबाट बच्ने र बचाउने कार्यको लागि सबैले आ-आफ्नो घरमा सुरक्षित रुपमा बस्नु अनिवार्य भएको छ । लकडाउनको यस परिस्थितिमा अत्यावस्यक सामग्रीहरुको आपूर्तिका लागि नगरपालिका भित्र देहाय अनुसारको व्यवस्था मिलाइएको हुँदा उक्त व्यवस्था अनुसार गर्नु गराउन हुन सम्पूर्ण नगरबासीमा हरिवन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

१ खाद्यान्न तथा ग्याँस पसलहरुले मिति २०७६।१२।१५ गते देखि नियमित रुपमा दिनको १२ वजे देखि ३ वजे सम्म आफ्नो पसल खोली अत्यावश्यक सामग्रीहरुको बिक्री वितरणको व्यवस्था मिलाउने । यसरी बिक्रि वितरण गर्दा प्रत्येक पसलले ग्राहकको पालो निर्धारणका लागि १।१ मिटरको दुरीमा गोलो घेरा लगाई ग्राहकलाई लाइन लगाएर भिडभाड नहुने गरी वितरणको व्यवस्था मिलाउने । प्रत्येक पसलमा साबुन पानीले हात धुने वा डिटोल पानीमा हात डुवाउने व्यवस्था मिलाउने ।

२ खाद्यान्न तथा ग्याँसको होम डेलिभरी गर्न इच्छुक व्यावसायीले आफ्नो पसलको नाम र फोन नम्वर नगरपालिकालाई उपलब्घ गराउने र यसरी होम डेलिभरी गर्न प्रयोगहुने सवारी साधनको पास लिएर अर्डर अनुसारको अत्याववश्क सामग्रीहरुको होम डेलिभरी गर्ने ।

३ हरिया सागसब्जी, तरकारी तथा फलफूलको बिक्री वितरणको लागि मिति २०७६।१२।१५ गते देखि हरेक दिन दिनको १२ वजे देखि ३ वजे सम्म सुर्ति विकासको फिल्डमा १।१ मिटरको फरक हुने गरी पसल राख्ने र पसलमा आउने ग्राहकहरुलाई पालो पर्खन उभिनको लागि १/१ मिटरको दूरीमा गोलो घेरा बनाई लाइन लगाएर भिडभाड नहुने गरी बिक्रीको व्यवस्था मिलाउने ।

४ हरेक पसलले स्व-सुरक्षाको लागि साबुन पानीले हात धुने व्यवस्था मिलाउने वा डिटोल पानी पसल अगाडि राखी सबै ग्राहकले सो पानीमा हात चोवल्ने व्यवस्था मिलाउने ।

फोन नं.: +९७७-४६-५३०४९९, Email: harionmunicipality@gmail.com, web: harionmun.gov.np

# हरिवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३


पत्र संख्या:-

चलानी नं.:-

मिति: २०७६/१२/१४

५ सामान खरिद बिक्रीको लागि तोकिएको समयमा घरबाहिर निस्कँदा सबैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।अनावश्यक रुपमा भिडभाड नगर्ने र आफ्नो काम सकिने वित्तिकै घर फर्कि हाल्ने ।

६ नगर भित्रका सम्पूर्ण औषधी पसलहरु नियमित रुपले खुल्ला राख्ने र पसलमा अनावश्यक भिड भाड हुन नदिने ।

७ नगरभित्रका सरकारी तथा निजी स्वास्थ्य सस्थाहरु चौविसै घण्टा खुल्ला राख्ने । ज्वरो आई उपचार गर्न आएका विरामीहरुको लगत राख्ने ।कोभिड-१९ को लक्षण देखिएका सङ्कास्पद गम्भिर प्रकृतिका विरामीहरुलाई तत्काल आइसोलेसन वार्ड भएको तोकिएको अस्पताल गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल राजविराज, जानकी मेडिकल कलेज टिजिङ् हस्पिटल जनकपुर, नारायणी अस्पताल विरगञ्ज मध्ये पायक पर्ने कुनै एक अस्पतालमा रिफर गर्ने व्यवस्था मिलाउने ।

८ नगरपालिका भित्र सञ्चालित बैङ्क तथा वित्तीय सस्थाहरुले हप्ताको २ दिन मंगलबार र शुक्रबार विहान १० वजे देखि १ वजे सम्म खुल्ला राखी सेवा प्रवाह गर्ने यसरी सेवा प्रवाह गर्दा भिड भाड हुन नदिने र ग्राहक ग्राहक बीचको दूरी कम्तिमा १ मिटर हुने गरी लाइन लाग्ने व्यवस्था मिलाउने ।

९ ठेलागाडा वा साइकलमा तरकारी, फलफूल तथा अत्यावश्यक खाद्य सामग्री गाउँ गाउँमा डुलाएर विक्री वितरण गर्न चाहने व्यापारीहरुले एकै ठाउँमा नबसी डुलाएर विक्री वितरण गर्न पाउने गरिएको हुँदा विक्री वितरण गर्ने व्यक्तिले अनिवार्य रुपमा मास्क पञ्जा र स्यानिटाइजरको प्रयोग गरी आफ्नो सुरक्षाको व्यवस्था मिलाउने ।

१० कालोवजारी कृतिम अभाव सिर्जना जम्माखोरी आदी देखिएमा तत्काल नगरपालिका, स्थानीय प्रशासन एवं प्रहरी इकाइमा सूचना दिई सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

११ कोभिड-१९ अत्यन्त छिटो सर्ने सरुवा रोग भएको र विश्वमा यस रोगको प्रकोप फैलिरहेको अवस्थामा कुनै खालको हेलचेक्र्याइ नगरी आफू, आफ्नो परिवार र समुदायको सुरक्षामा सजग रहनहुन नगरपालिका सम्पूर्ण नगरबासीमा हार्दिक अपिल गर्दछ ।

(गणेश प्रसाद प्रसाई)
नगर प्रमुख

फोन नं.: +९७७-४६-५३०४९९, Email: harionmunicipality@gmail.com, web: harionmun.gov.np